**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ९ गते सोमबार ❑ 25 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## जनतालाई खुसी बनाउने गरी सेवालाई चुस्त बनाउनुपर्छः मन्त्री न्यौपाने

**पोखरापत्र संवाददाता**
दमौली, ८ भाद्र



सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले जनतालाई खुसी बनाउने गरी सेवालाई चुस्त बनाउनुपर्ने बताउनुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिकाले आइतबार यहाँ आयोजना गरेको स्वागत एवं भेटघाट कार्यक्रममा उहाँले सार्वजनिक निकायबाट प्रवाह हुने सेवा पारदर्शी र सुशासनयुक्त हुनुपर्ने उल्लेख गर्नुभयो।

राजनीति गर्नेका लागि जनता नै सबैभन्दा माथि रहने भन्दै मन्त्री न्यौपानेले जनताको सुविधाका लागि जनप्रतिनिधिले काम गर्नुपर्नेमा जोड थियो। उहाँले सार्वजनिक निकायबारे जनताले उठाएका प्रश्न सम्बोधन गर्नेतर्फ जनप्रतिनिधि लाग्नुपने बताउनुभयो। मन्त्री न्यौपानेले भन्नुभयो, "जनता खुसी र सुखी हुनुपर्छ। सार्वजनिक निकायले पारदर्शी भएर सेवालाई चुस्त दुरुस्त बनाउन लाग्नुपर्छ। जनताले गर्ने प्रश्नबाट भाग्ने होइन समाधान गर्ने हो।" उहाँले विकासका कामले गति लिए पनि जनता यत्तिमै सन्तुष्ट नरहेकाले गति बढाउन लाग्नुपर्ने धारणा राख्नुभयो।

मन्त्री न्यौपानेले पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोग बढेकाले समाजलाई नकारात्मक सन्देश प्रवाह भइरहेको भन्दै प्रविधिको दुरुपयोग रोक्न आवश्यक रहेको बताउनुभयो।

त्यस क्रममा शुक्लागण्डकी नगरपालिका प्रमुख कृष्णराज पण्डितले नगरपालिकाले प्रवाह गरिरहेको सेवाका बारेमा मन्त्री न्यौपानेलाई जानकारी गराउनुभएको थियो।

## पोखराको सिर्जना बहिरा माविका विद्यार्थी आन्दोलित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र




पोखरा २६ को सिर्जना बहिरा माविका बिद्यार्थीहरु यति वेला आन्दोलित भएका छन्। विद्यालय प्रशासनले निर्दोष विद्यार्थीलाई झुटो आरोप लगाएर कारागार चलान गरेको बिरोधमा विद्यार्थीहरू आन्दोलित भएका हुन्।

बहिरा बिद्यार्थीहरुले आइतबार बिरोध प्रर्दशन गर्दै विद्यालयमा तालाबन्दी सहित पोखरा २६ को वडा कार्यालय घेराउ समेत गरेका थिए। पोखरा, अर्घौचोक क्षेत्रमा केही समय बिद्यार्थीहरुले सडक समेत अबरुद्ध गरेका थिए। बिद्यार्थीहरुले भ्रष्टचारी प्र.अ.सुनिल भण्डारीलाई तत्काल कार्वाही गरियोस, आफ्नै अपाङ्ग बिद्यार्थीलाई कारागार पठाउने, दोषी प्र.अ.भण्डारी, सह प्र.अ.सावित्री बराल, शिक्षक प्रमिला थकाली, कर्मचारीहरु उदय भट्ट, धन माया श्रेष्ठलाई तत्काल सरुवा र कार्वाही गर्न प्लेकार्ड सहित जुलुस प्रर्दशन गरेका थिए। कक्षा ११ मा अध्ययनरत विजय बिकलाई विद्यालय प्रशासन तथा विद्यालयका प्रधानाध्यापक सुनिल भण्डारी लगायतको टिमले उनलाई झुटो आरोप लगाएर कारागार चलान गरेपछि विद्यार्थीहरु आन्दोलित हुँदै यसरी विद्यालयमा तालाबन्दी गरी उनीहरुमाथि कडा कारबाहीको माग समेत गरेका हुन्। कक्षा दशमा अध्ययनरत छात्रालाई विजय विकले करणी गरेको आरोपमा विद्यालय प्रशासनले अभिभावकलाई बिना जानकारी प्रहरी सामु पुर्याएको भन्दै विद्यार्थीहरूले प्र.अ. भण्डारी सहित पाँचजना शिक्षकलाई तत्काल सरुवा सहितको कारबाही गर्न माग गरेका छन्। त्यसैगरी विद्यार्थीहरूले विद्यालयका शिक्षक एवं कर्मचारीहरु सावित्री बराल, प्रमिला थकाली, उदय भट्ट र धनमाया श्रेष्ठलाई समेत कारबाहीको माग गरे। जिल्ला अदालत कास्कीले करिब ८ महिनापछि विकलाई सफाई दिएसंगै उनी कास्की कारागारबाट छुटेका थिए। त्यसैगरी विद्यालयमा १९ दिनको अन्तरालमा यस्तै प्रकृतिको घटनामा संलग्न एकजना छात्राले १४ वर्षको उमेरमा शिशुको जन्म दिएकी थिईन। आरोपित बालकलाई जिल्ला अदालत कास्कीले उनको अभिभावकको जिम्मा लगाएको छ। १४ वर्षमै बच्चा जन्माउने छात्रा र शिशु हाल अलपत्र अबस्थामा पुगेको उनका आफन्तले गुनासो गरे।

विद्यालयमा तालाबन्दी भएसँगै वडा कार्यालय घेराउ गरेपछि पोखरा २६ का कार्यवाहक अध्यक्ष लक्ष्मी भट्टराईले सर्वपक्षीय बैठक बसेर यस विषयमा निर्णय गने बताइन्। विद्यालयमा भएको विवादको विषयमा भोलि दिउँसो २ बजे बैठक बोलाइएको प्र.अ.भण्डारीले जानकारी दिए। गण्डकी बहिरा सङ्का अध्यक्ष किसान तामाङले प्र.अ.भण्डारी लगायतको टिमलाई कारबाही गर्नुपर्ने माग गरे। त्यसैगरी विद्यालयमा बाहिरी राजनीतिक खेल र बालबालिकालाई खेलवाड गराउने काम भएको समेत उनले गुनासो गरे। यसैबीच विद्यालय व्यवस्थापन समितिको कार्यकाल यही भदौ २ गतेसम्म रहेको थियो तर हालसम्म नयाँ कार्यसमिति गठन हुन सकेको छैन। अपाङगता भएका बिद्यार्थीहरु अध्ययन गर्ने निकै सम्बेदनशिल उक्त बिद्यालयमा बिद्यालय प्रशासनबाट बिद्यार्थीको उचित निगरानी गर्न नसक्नु बिद्यालय प्रशासनको कमजोरी भएको स्थानीयले दाबी गरेका छन्।

## रक्तदान परोपकारी हितसँगै स्वयंको पनि हित होः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले रक्तदान परोपकारी हितसँगै स्वयंको हित रहेको बताउनुभएको छ।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल, पार्दी शाखाले आयोजना गरेको रक्तदान शिविरको समुद्घाटन गर्नुहुँदै प्रमुख अतिथि भट्टले रक्तदान कार्यक्रम मानवीय धर्म र सामाजिक कर्म जोडिएको पवित्र कार्य रहेको बताउनुभयो।

'स्वेच्छिक रक्तदान एउटा महत्वपूर्ण मानवीय र सामाजिक सेवा हो। यस्ता कार्यक्रमले युवा पुस्तामा मानव सेवा र रक्तदानको महत्वको बारेमा जागरुकता फैलाउन पनि उत्तिकै मद्धत गर्दछ।' उहाँले भन्नुभयो। संस्थाका अन्तर्राष्ट्रिय पूर्व मुख्य प्रशासिका राजयोगिनी प्रकाशमणिज्यूको १८ औं पुण्य स्मृति तथा विश्व भातृत्व दिवसको अवसरमा नेपाल र भारतमा ब्रह्माकुमारीका प्रायः सबै स्थानीय सेवाकेन्द्रहरूले भदौ ६ देखि ९ गतेसम्म अन्तर्राष्ट्रिय रक्तदान शिविर आयोजना गरेको छ। संस्थाले मानवीय सेवा, एकता र करुणाको भावनालाई बढावा दिन यस्ता प्रकृतिको कार्यक्रम आयोजना गरेकोमा आभार व्यक्त गर्नुहुँदै यस कार्यलाई पवित्र र समाजसेवामूलक कार्यका रुपमा आफूले लिएको बताउनुभयो।

केन्द्रमा अध्यात्मिक चर्चा र ध्यान कार्यक्रमको आयोजना निरन्तर हुने हुँदा सबैको सुख, समृद्धि र शान्ति प्राप्तिका साथ जनजीवन मधुर र समृद्ध बन्न सहयोग पुग्ने अपेक्षा पनि उहाँले राख्नुभयो। 'आजको समयमा मानिसहरूले आफूलाई आत्मा सम्झन छाडेका छन्। जसले गर्दा अधर्म, विकार र अज्ञान फैलिएको छ। नयाँ सत्ययुगी सुखमय संसारको स्थापनाको खाँचो छ।' उहाँले भन्नुभयो -'सबै धर्म र संस्कृतिसँग सम्बन्धित मानिसहरूलाई आफ्नो अन्तरात्मालाई चिन्न, अनुभूति गर्न र राजयोग अभ्यास मार्फत् जीवनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुग्नेछ भन्नेमा आशावादी छु।'

शाखा प्रमुख ब्रह्माकुमारी अमृत दिदीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा वडा नं. ७ अध्यक्ष राममोहन आचार्य, समाजका अग्रज देवराज चालिसे, संस्थाका महासचिव ब्रह्माकुमार शैलेषराज बराल लगायतले बोल्नुभएको थियो। कार्यक्रममा लेकसाइड शाखा प्रमुख पुनम दिदीले धन्यवाद ज्ञापन र छोरेपाटन शाखा प्रमुख ब्रह्माकुमारी दीपा दिदीले सञ्चालन गर्नुभएको थियो।

## नेपाल र भियतनामबीचको सम्बन्ध अझ प्रगाढ बनाउन छलफल

**रासस**
काठमाडौं, ८ भाद्र

प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल भ्रमणमा रहनुभएका समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थिआन सुआनबीचको भेटवार्तामा दुई देशबीचको आपसी सम्बन्ध अझ प्रगाढ बनाउँदै लैजाने विषयमा छलफल भएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको भेटमा दुई देशबीच रहँदै आएको समस्यारहित सम्बन्धलाई अझ प्रगाढ बनाउन दुवै नेताहरूले अनुभव आदानप्रदान गर्नुका साथै सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको हो।

भेटमा सहभागी प्रधानमन्त्री ओलीको मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालले दुई देशबीच सरकार-सरकार, व्यावसाय-व्यवसाय र जनता-जनताका साथै कूटनीतिक र सांस्कृतिक क्षेत्रको सम्बन्धलाई अझ बलियो बनाउने विषयमा कुराकानी भएको जानकारी दिनुभयो।

नेपाल-भियतनाम कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पूरा भएको ऐतिहासिक अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादवको निमन्त्रणामा भियतनामका उपराष्ट्रपति सुआन शुक्रबार नेपाल आउनुभएको हो।

## मोतीजयन्ती विशेष गजल वाचन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र

पोखरेली युवा सांस्कृतिक परिवारले नियमित रूपमा सञ्चालन गर्दै आइरहेको 'समता काव्य सन्ध्या'को ३८४औं शृङ्खलामा मोतीजयन्ती विशेष गजल वाचन गरिएको छ।

कार्यक्रममा नेपाल सङ्गीत नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार सरुभक्तले युवाकवि मोतीराम भट्ट छोटो समय बाँचेर पनि नेपाली साहित्यको अद्वितीय सेवा गर्नुभएकाले समस्त युवाले उहाँबाट धेरै सिक्नसक्ने बताउनुभयो।

मोतीराम भट्ट नेपाली गजल विधाका प्रारम्भकर्ता भएका बताउँदै उहाँले नेपाली गजल स्रष्टाहरूले भट्टलाई भुल्न नसक्ने धारणा राख्नुभयो। केही समय पहिलासम्म कस्तालाई गजल भन्ने र कस्तालाई नभन्ने भन्ने विवाद रहेकामा 'पोखरेली गजल समूह'ले गजलसम्बन्धी घोषणापत्र निकालेपछि यो विवाद अन्त भई नवोदित गजलकारलाई लेखनमा लाग्न नवीन उत्साह पैदा भएको उहाँको भनाइ छ।

संस्थाका उपाध्यक्ष लक्ष्मण

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लामाचौर कप भलिबल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र

लामाचौर कप भलिबल प्रतियोगिता अन्तर्गत आइतबारदेखि खुला पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ। ३ दिनसम्म चल्ने प्रतियोगितामा ६ टिमले भाग लिएका छन्।

लिग चरणको खेलमा आयोजक, जि.एम. समाज, ढुंगेदेउराली क्लब र एपिएफ क्लब पोखरा विजयी हुँदै समान ३ अंक बटुलेका छन् । २ खेल खेलेका माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समिति र कृष्णदल फूलबारी अंकविहीन हुँदै प्रतियोगिताबाट बाहिरिए । समूह 'ए' मा रहेको आयोजकले आइतबार बिहान माछापुच्छ्रे गाउँपालिकालाई सोझो सेटमा पराजित गरेको हो। पहिलो सेट ३३-३१ मा जितेकोमा दोस्रो सेट २५-१३ र तेस्रो सेट २५-१८ मा आफ्नो पक्षमा पार्दै विजयी यात्रा सुरुवात गरेको हो। दोस्रो खेलमा जि.एम. समाजले कृष्णदललाई २५-२०, २५-१८ र २५-२३ सेटमा हरायो । तेस्रो खेलमा ढुंगेदेउरालीसँग कोर्ट उत्रिएको माछापुच्छे गाउँपालिकाले पुनः हार व्यहोर्न पुग्यो। आइतबारकै चौथो खेलमा एपिएफ क्लबले कृष्णदलको चुनौती सोझो सेटमै पन्छायो। एपिएफ २५-२०, २५-२१ र २५-१९ सेटमा विजयी भएको हो। समूह 'ए' मा आयोजकसहित ढुंगेदेउराली छन् । समूह 'बि' मा जि.एम. समाज र एपिएफ छन्।



सोमबार पनि लिग चरणकै खेल हुने रेफ्री बिमल रानाले जानकारी दिए । पहिलो खेलमा आयोजकले ढुंगेदेउराली र दोस्रो खेलमा जि.एम. समाजले एपिएफको सामना गर्नेछ।

यसैबीच, अन्तर मावि छात्रा भलिबलमा टप्स र शान्त मावि फाइनल प्रवेश गरेका छन्। पहिलो सेमिफाइनलमा टप्सले सिर्जना माविलाई सोझो सेटमा तथा शान्तले पोखरा युनाइटेडलाई २-१ सेटमा पराजित गर्दै उपाधि भिडन्त पक्का गरेका हुन् । उनीहरुबीच फाइनल भदौ १० गते हुनेछ । नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा संस्थाको २९ औं वार्षिक समारोह एवं तीज अवसरमा २७ औं संस्करणको लामाचौर तीज महोत्सव आइतबारदेखि सुरु भयो । इन्द्रराज्यलक्ष्मी मावि प्रागंणमा ३ दिनसम्म चल्ने महोत्सवमा लामाचौर कपसहित विविध सांगीतिक एवं सांस्कृतिक हुँदैछन् । तीज गीत प्रतियोगिता, अन्तर विद्यालय लोक नृत्य प्रतियोगिता यहाँका थप आकर्षण हुन्। पुरुष भलिबल विजेताले ३ लाख र उपविजेताले १ लाख ५० हजार प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीलाई १० हजार दिइनेछ । अन्तर मावि छात्रा भलिबल विजेताले १ लाख र उपविजेताले ५० हजार तथा सर्वोत्कृष्ट खेलाडीले ५ हजार प्राप्त गनेछ। साथै, दुवै इभेन्टमा उत्कृष्ट विधामा आकर्षण पुरस्कार रहेको छ। महोत्सवमा औद्योगिक तथा व्यापारिक ५० स्टल, बालउद्यान, स्रष्टा सम्मान, कलाकारको दैनिक प्रस्तुति लगायत विविध मनोरञ्जनात्मक एवं सांस्कृतिक कार्यक्रम हुने प्रचार संयोजक विष्णुप्रसाद गौतमले बताए।

# अन्तर्राष्ट्रिय पदकदारी खेलाडी दिलिसा रानालाई ट्र्याकसुट हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र

पोखराकी अन्तर्राष्ट्रिय ब्याडमिन्टन खेलाडी दिलसा राणालाई ट्र्याकसुट हस्तान्तरण गरिएको छ।

नेपाली महिलाहरूको महान पर्व हरितालिका तीज पर्वको अवसरमा पोखरा १४ चाउँथेमा रहेको विशालनगर ब्याडमिन्टन क्लबले आयोजना गरेको तीज विशेष तथा मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिताको अवसरमा राष्ट्रिय खेलकुद परिषद्का पूर्व बोर्ड सदस्य राजेशकुमार गुरुङले पदकधारी खेलाडी रानालाई ट्र्याकसुट हस्तान्तरण गर्नुभएको हो।

अन्तर्राष्ट्रिय पदकधारी खेलाडीको हौसला स्वरूप आफूले केल्मी ब्रान्डको ट्र्याकसुट हस्तान्तरण गरिएको बोर्ड सदस्य गुरुङले जानकारी दिनुभयो । यस्ता खेलाडीलाई राज्यले उचित सम्मान गर्नुपर्ने उहाँको




भनाइ थियो। हालै भुटानको थिम्पुमा आयोजना भएको साउथ एसियन रिजन ब्याडमिन्टन च्याम्पियनसिपमा रानाले दुई रजत र दुई कास्य सहित ४ पदक दिलाउनु भएको हो।

पोखराको मदरल्यान्ड मावि कक्षा ११ मा अध्ययनरत राना डाक्टर बन्ने लक्ष्यका साथ खेलकुद र अध्ययनलाई सँगसँगै अगाडि बढाउने लक्ष्यका साथ लागि पर्नु भएको छ। बाबा चिन राना र आमा उर्मिला थापाको प्रेरणाबाट खेलकुदमा लाग्नु भएको रानाले सानै उमेरमा राष्ट्रिय तथा अन्य अन्तर्राष्ट्रिय पदकहरू समेत दिलाउनुभएको छ। यसैबिच, आयोजक संस्थाका अध्यक्ष हेनरी सुब्दार मेजर बलबहादुर थापा र सुमित्रा थापाको जोडीले डिबी सूर्यबेसी र सूर्य कलासको जोडीलाई फाइनल खेलमा पराजित गर्नुभएको हो।

त्यसैगरी अर्को मेन डबल मेन डबल तर्फको खेलमा एसपी सुनिल मल्ल र बलबहादुर शाहीको जोडिले होम बहादुर गुरुङ र ताराबहादुर घर्ती मगरको जोडीलाई पराजित गर्नुभएको थियो।

क्लबले विगतदेखि यस्तै खालका विभिन्न कार्यक्रमहरू निरन्तर गर्दै आएको सचिव रामबहादुर गुरुङले बताउनुभयो।

# मुग्लिन पोखरा सडक: पूर्वी खण्डको म्याद चौथो पटक थपियो

**पोखरापत्र संवाददाता**
दमौली, ८ भाद्र

मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) को चौथो पटक म्याद थप भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पूर्वीखण्डअन्तर्गत तनहुँको जामुनेदेखि आँबुखैरेनीसम्मको चौथो पटक म्याद थप गरेको हो।

मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार आगामी असोज २५ गतेसम्म म्याद थप भएको छ। यो खण्डको तेस्रो पटक थप भएको म्याद गत असार २९ गतेदेखि सकिएको थियो।

पूर्वीखण्डअन्तर्गत आँबुखैरेनीदेखि जामुनेसम्मको ४१ दशमलव पाँच किलोमिटर खण्डमा चार लेनमा कालोपत्र सम्पन्न भइसकेको छ । कालोपत्रबाहेकका अन्य केही काम बाँकी रहेकाले केही समय म्याद थपका लागि भौतिक पूर्वाधार मन्त्रालयमा सिफारिस गरिएको थियो। उहाँले भन्नुभयो, "कालोपत्रको सबै काम सकिएको छ, दमौली बजारमा छ लेन र अन्य ठाउँमा चार लेनमा सडक कालोपत्र भएका छन्।

अधिकांश ठाउँमा सडक रङ्रोगन पनि सकिएको छ। अब थोरैमात्र काम बाँकी रहेकाले केही समय म्याद थपका लागि पठाएका थियौं।"

सम्झौता भएको तीन वर्ष र पछिल्लो ४५६ दिनमा कालोपत्रको काम सकिएको उहाँको भनाइ छ। पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो।

उक्त खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाइएको हो। पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ।

# मोती जयन्ती ...

थापाले युवाकवि मोतीराम भट्ट बहुमुखी प्रतिभाशाली कवि, गीतकार, गजलकार, नाटककार, नाटक निर्देशक र जीवनीकार भएको उल्लेख गर्दै उहाँले यससँगै पढ्दै, लेख्दै, सम्पादन गर्दै, पत्रिका चलाउँदै, सङ्घसंस्था खोल्दै, पुस्तकालय खोल्दै, छापाखाना चलाउँदै भानुभक्त आचार्यलाई प्रकाशनमा पनि ल्याउन सफल भएको बताउनुभयो । विश्वसाहित्यका ज़ोन किट्स, शेली, सिल्भिया प्लाथलगायत भैँ मोतीरामले ३० वर्षमात्र बाँचेर पनि अद्वितीय काम गर्नुभएको उहाँको भनाइ छ । कार्यक्रममा विम्ब कवि एवं प्राज्ञ रमेश श्रेष्ठ, नेपाली लेखक सङ्घ गण्डकीका अध्यक्ष ईश्वरमणि अधिकारी, पोखरा प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति पदमराज ढकाल, सरस्वती श्रेष्ठ सरु, दीपक समीप, प्रकाश ज्ञवाली, शिव त्रिपाठी, जमुना कायस्थ, कृष्ण सुवेदी, विर्सना बस्नेत, सुरज पौडेल, भूमिराज बस्ताकोटी, रेशम गिरी, यशोधा गौतम, नवराज न्यौपाने, त्रृपक, संस्थाकी अध्यक्ष रिता अधिकारी ऋतु, साहित्य विभागकी संयोजक केशु शर्मा, सचिव एमडी काफ्लेलगायतले गजल वाचन गर्नुभएको थियो।

# ऐतिहासिक बाटुलेचौर तीज मेलाको तयारी पुरा, राष्ट्रिय कलाकारसँगै तीज गीत प्रस्तुति रहने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र

पोखराको बाटुलेचौरमा हुने ऐतिहासिक तीज मेला २०८२ को तयारी पुरा भएको छ।

नेपाली नारीको सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा वडा कार्यालय, पोखरा १६ को समन्वयमा, तीज मेला व्यवस्थापन समितिको आयोजनामा यही भदौ ९ र १० गते स्थानीय बाटुलेचौर खेल मैदानमा हुने ऐतिहासिक बाटुलेचौर तीज मेलाको आन्तरिक बाहेकका अन्य तयारी पुरा भएको संयोजक, वडा सदस्य राजकुमारी बानियाँले जानकारी दिनुभयो।

मेलाको सोमबार पोखरा महानगरपालिकाका उप मेयर मञ्जु कुमारी गुरुङले उद्घाटन गर्नु हुने र मंगलबार मेलाको समापन गण्डकी प्रदेश सरकारका सामाजिक विकास,युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाको प्रमुख आतिथ्यतामा सम्पन्न हुने मेलाका प्रचार प्रसार संयोजक मोहन थापाले बताउनुभयो।

मेलाको पहिलो दिन सोमबार विहान महेन्द्र गुफा देखि मैदानसम्म प्रभातफेरी र दिउँसो विद्यालय स्तरीय तीज नृत्य प्रतियोगिता हुने र करिव १५ वटा विद्यालयले सहभागिता जनाउने बताइएको छ। मंगलबार मेलाको मुख्य आकर्षणको रुपमा समुहगत तीज गीत प्रस्तुती रहने र करिव २० वटा आमा समुहले समुहगत रुपमा तीज गीत प्रस्तुत गर्ने आयोजकले जनाएको छ। दुवै दिन ख्याति प्राप्त लोक दोहोरी गायक रामजी पौडेल, कृष्ण सुवेदीका साथै सन्ध्या बिसी र गणेश ढकालको सांस्कृतिक प्रस्तुति रहने सहसंयोजक मञ्जु नेपालीले जानकारी दिनुभयो। मेलालाई व्यवस्थित र भव्य बनाउन मुल समिति र विभिन्न ८ वटा उपसमिति क्रियाशील बनेका छन्।

वडा कार्यालय संरक्षक रहेको सो मेला अघिल्लो वर्ष पनि नागरिक स्तरबाटै भएको थियो। विसं १५२५ भन्दा अगावै देखि सेती गङ्गा स्नान गरेर फर्किएका लामाचौर, बाटुलेचौर, भलाम , घार्मी, कुरेचौर, हरिपाउँ, अर्मला क्षेत्रका महिलाहरु बाटुलेचौरमा जम्मा भएर तीज गीत गाउने प्रचलन रहेको जानकारहरु बताउँछन्।

# संघीय मामिला तथा सामान्य मन्त्रालयमा गुनासो सुनुवाइ केन्द्र स्थापना

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ भाद्र

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले जिम्मेवारी इमानदारिताका साथ पूरा गर्ने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) शुक्लागण्डकी नगर कमिटीले आइतबार दुलेगौडामा आयोजना गरेको स्वागत कार्यक्रममा उहाँले विशेष परिस्थितिमा प्राप्त यो जिम्मेवारी इमानदारिताका साथ निभाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री न्यौपानेले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई नीतिगत रूपमा चल्ने मन्त्रालय बनाउने प्रमुख जिम्मेवारी रहेको उल्लेख गर्नुभयो । मन्त्रालयको काम कर्मचारी सरुवा बढुवामात्र हो कि भन्ने रहेकामा त्यसलाई चिर्दै सङ्घीय व्यवस्थालाई सुदृढ बनाउने काम पनि मन्त्रालयको रहेको बताउनुभयो । मन्त्री न्यौपानेले कर्मचारी र सेवाग्राहीको गुनासो सुनुवाइका लागि मन्त्रालयमा गुनासो सुनुवाइ केन्द्र स्थापना गरिएको बताउँदै त्यहाँबाट गुनासो सुनुवाइ हुन थालेको बताउनुभयो । कार्यक्रममा नेकपा (एमाले) जिल्ला कमिटीका उपसचिव खिमबहादुर कुमाल, शुक्लागण्डकी नगर कमिटीका अध्यक्ष रघुनाथ पौडेललगायतले मन्त्री न्यौपानेलाई सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

# कुटपिटबाट युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भाद्र

वालिङ नगरपालिका-५ बाहुनडाँडाका ३२ वर्षीय ढालबहादुर थापाको गएराति कुटपिटका कारण मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रशन्नराज चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार गएराति ११ बजे थापामाथि कुटपिट भएको थियो । कुटपिटबाट घाइते भएका थापालाई वालिङस्थित गर्ह्रौं प्राथमिक अस्पतालमा उपचारपश्चात् थप उपचारका लागि गण्डकी मेडिकल कलेज पोखरा लगिएकामा चिकित्सकले राति नै मृत घोषणा गरेका थिए। प्रहरीले घटनामा संलग्न दुई जनालाई नियन्त्रणमा लिएको जनाएको छ।

नियन्त्रणमा लिइएकामा हरिनाश गाउँपालिका-५ का २२ वर्षीय सिजन थापा, चापाकोट नगरपालिका-५ काम्तीका २४ वर्षीय अनिल शाही रहेको चौधरीले जानकारी दिनुभयो । प्रहरीले घटनाका सम्बन्धमा अनुसन्धान सुरु गरिसकेको जनाएको छ।




# समयमै निर्वाचन हुनेमा नेपाल दक्षिण एसियामै उदाहरणीय: महामन्त्री थापा

**रासस**
काठमाडौं, ८ भाद्र

नेपाली कांग्रेस महामन्त्री गगनकुमार थापाले समयमा नै आवधिक निर्वाचन हुनेमा नेपाल दक्षिण एसियामा नै उदाहरणीय रहेको बताउनुभएको छ।

नेपाल मतदाता अधिकार मञ्चले आइतबार यहाँ आयोजना गरेको एकीकृत निर्वाचन विधेयक सम्बन्धमा राजनीतिक दलसँग अन्तक्रियामा उहाँले समयमै आवधिक निर्वाचन हुनु पनि लोकतन्त्रप्रति नेपाल प्रतिबद्ध रहेको उदाहरण भएको बताउनुभयो।

महामन्त्री थापाले आयोगबाट प्रस्तावित विधेयक राम्रो रहेको र यसमा थप सुधार गर्ने अवसर बाँकी रहेकाले थप छलफल गरी अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। "आयोगले केही उत्कृष्ट प्रावधानहरू राखेर विधेयक ल्याएको छ, यसमा सरकारबाट केही कुरा घटेर आयो भने संसद्बाट थपेर पठाउने अवसर अझै छ, त्यसमा हामी लाग्छौं", उहाँले भन्नुभयो, "जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुनुपर्छ, तर सुधारको विषय राजनीतिक दल सञ्चालनको प्रवृत्तिबाट अलग राखेर हेर्न थाल्यौ भने केही पनि हुँदैन। यसमा सबै दलहरू नै इमान्दार हुनुपर्छ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव योगेश भट्टराईले निर्वाचनसम्बन्धी ऐनलाई अध्ययन गर्दा राजनीतिक दलसम्बन्धी ऐन र अन्य ऐनलाई पनि राखेर अध्ययन गरिनुपर्ने बताउनुभयो । "संविधान संशोधनको विषय निर्वाचन प्रणाली पनि हुनसक्छ । यही सरकारकै कार्यकालमा हामी संविधान संशोधनको प्रस्ताव लैजान्छौं, त्यसैबेला समेत यस विधेयकमा आएका कतिपय विषय पर्न सक्छन्", उहाँले भन्नुभयो, "प्रत्यक्षमा पनि समानुपातिक सिट र संरक्षित सिट हुनुपर्ने विषयमा पनि हामी पार्टीभित्र छलफलमा नै छौं।"

नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य माधव सापकोटाले हालको निर्वाचन प्रणाली भड्किलो भएको र स्थानीय तहदेखि केन्द्रीय तहसम्म आइपुग्दा समस्या रहेको बताउनुभयो। उहाँले निर्वाचन खर्च कम गर्नका लागि पूर्ण समानुपातिक निर्वाचण प्रणाली उपयुक्त हुने सुझाव राख्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियारले निर्वाचन प्रणालीलाई फराकिलो तरिकारले हेरी समाज रूपान्तरण र नेतृत्व परिर्वतनजस्ता विषयमा ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले संविधानमा व्यवस्था गरिएको समावेशी समानुपातिक व्यवस्थालाई बढी ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# संविधान घोषणा दशक

संविधान संशोधनका लागि सत्ता गठबन्धनका दलहरूबीच छलफल चलिरहेका बेला सरकारले संविधान दिवस भव्य रुपमा मनाउने भएको छ।संविधान संशोधन गरेर राजनीतिक स्थायित्व दिने भन्दै काङ्ग्रेस र एमालेले सत्ता गठबन्धन गरेका हुनासत्ता गठबन्धनले एक वर्ष पूरा गरिसकेको छ।संविधान संशोधनको काम भने अघि बढ्न सकेको छैन । राष्ट्रिय सभामा सामान्य बहुमत पनि कायम हुन नसकेको अवस्थामा दुई तिहाइले संविधान संशोधन गर्न अप्ठेरो छ। आउँदो फागुन २१ अघि संविधान संशोधनको औपचारिक प्रस्ताव आउने छाँट छैन । काङ्ग्रेस-एमालेले गरेको ७ बुँदे सहमति संविधान संशोधन गरेर राजनीतिक स्थायित्व दिनका लागि हो।देशमा बलियो राजनीतिक दल बन्न नदिन भएका विभिन्न गतिविधि संविधान मान्ने कि फाल्ने भन्नेमा केन्द्रित छ।

काङ्ग्रेस-एमाले संविधान संशोधन गरेर अस्थिरता ल्याउने ठाउँ रोक्न चाहन्छन् ।दल भित्र एक मत बनाउन नसकिएको बेला सबैको साथ र समर्थन पाउनु चुनौतीपूर्ण छ। एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकार संविधान बनाउँदा देखि कार्यान्वयनका बेलामा देखिएका अप्ठ्यारा संविधान संशोधनको मुद्दा बनाउन खोजेका छन् । नेपालको संविधान घोषणाको एक दशकलाई उत्सवका रूपमा भव्यताका साथ मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आइतबार संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन भएको छ । नेपाली जनताको बलिदानीपूर्ण र लामो सङ्घर्षको उपलब्धिस्वरुप जनताबाट निर्वाचित संविधानसभाबाट २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहितको नेपालको संविधान जारी भएको दिनलाई राष्ट्रिय दिवस मानिन्छ ।

यस वर्ष संविधान जारी भएको दस वर्ष पुगेकाले यस वर्षको दिवसलाई थप हर्षोल्लासपूर्ण र भव्य बनाउन नेपाल सरकारले तयारी गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकले आगामी असोज २, ३ र ४ गते नेपालभित्र र विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरू र जनस्तरमा समेत दीपावलीलगायत विभिन्न कार्यक्रम गरी त्रिदिवसीयरुपमा दिवस मनाउन मूल समारोह समिति गठन गरिएको छ। सरकारले मात्र मनाएर पुग्दैन राजनीतिक दलले जनतामा पुगेर राम्रा पक्ष र काम गर्दा देखिएका अप्ठ्यारा बताउन सक्नुपर्छ ।

मूल समारोह समितिमा उपप्रधानमन्त्रीहरू, मन्त्री र राज्यमन्त्रीहरू, नेपाल सरकारका मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरू, काठमाडौँ उपत्यकाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू सदस्य र गृह मन्त्रालयका सचिव सदस्यसचिव रहनेछन् । बैठकले विषयगत उपसमिति पनि गठन गरेको छ । दिवसका क्रममा असोज ३ गते काठमाडौँको सैनिक मञ्च, टुँडिखेलमा सर्वसाधारणसमेतको उपस्थितिमा मूल समारोह हुनेछ भने प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।

यस्तै दिवसको अवसरमा राष्ट्रिय गान र राष्ट्रभक्तिको साङ्गीतिक महोत्सव (नेशनल डे कन्सर्ट) आयोजना, जनस्तर झाँकीहरू प्रदर्शनी आदि कार्यक्रम प्रस्ताव गरिएको छ । दिवसका अवसरमा वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तरनिहित पक्षहरूमा केन्द्रित विशेष संवाद, परिसंवाद तथा सन्देशमूलक नाटकजस्ता सृजनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक वा निजी क्षेत्रसमेतका विद्युतीय तथा छापा माध्यम एवं सामाजिक सञ्जालमा प्रसारण र प्रकाशनको व्यवस्था मिलाउने प्रस्ताव गरिएको छ। यी सबै देखाउन होइन कार्यान्वयनमा आउन सकेमा जनतामा सकारात्मक सन्देश जानेछ।

प्रधानमन्त्री ओलीले संविधान घोषणा दस वर्ष पुगेको अवसरलाई राष्ट्रिय र जनस्तरमा विशेषरुपमा मनाउन आग्रह गर्दै संविधानसँग विकास, राष्ट्रियता, आधुनिकता, मौलिक हक, महिला सशक्तीकरण, समावेशीताका चरित्र, लोककल्याणकारी राज्य, संस्कृति आदि पक्षसँग जोड्नुपर्ने बताएका छन्।यो सबै दलको साझा विषय बनाउन सकेमा संविधानका बारेमा रहेका नकारात्मक सोच हट्नेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाव |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# नेपाल बङ्गलादेशसँग पराजित

**रासस**
काठमाडौँ, ८ भाद्र

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१७ महिला च्याम्पियनसिपमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ।

भुटानको चाङ्लिमिथाङ रङ्गशालामा आइतबार भएको खेलमा बङ्गलादेशसँग नेपाल ३-० ले पराजित भएको हो । यो जितसँगै तीन खेलमा छ अङ्क जोडेको बङ्गलादेश दोस्रो स्थानमा छ । पराजित नेपाल समान खेलबाट तीन अङ्कका सात तेस्रो स्थानमा छ। यसअघि भारतसँग ७-० को फराकिलो अन्तरले पराजित भएको नेपालले भुटानलाई भने २-१ गोलले हराएको थियो । यसैगरी भुटानलाई ३-१ ले हराएको बङ्गलादेशले भार तसँग २-० को पराजय बेहोरेको थियो । बङ्गलादेशको जितमा थुनुए मार्मा, सौरभी अखण्ड प्रीति र मामोनी चक्माले गोल गरे । खेलको ४१औँ मिनेटमा मार्माको गोलमार्फत बङ्गलादेशले अग्रता लिएको थियो ।

त्यसको तीन मिनेटपछि नै सौरभीले टोलीको अग्रता दोब्बर बनाइन् । त्यसपछि खेलको इन्जुरी समयमा चक्माले गोल गर्दै बङ्गलादेशलाई सहज जित दिलाइन् ।

# दुर्घटनामा घाइते सामाजिक अभियन्ता खत्रीको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ८ भाद्र

तनहुँको शुक्लागण्डकी नगरपालिका-७ शान्तिनगरका सामाजिक अभियन्ता विष्णु खत्रीको निधन भएको छ । मोटरसाइकल दुर्घटनामा घाइते खत्रीको उपचारका क्रममा काठमाडौँमा आज बिहान निधन भएको हो ।

पृथ्वीराजमार्ग अन्तर्गत शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडास्थित बन्केवाचोकमा जिपको ठक्करबाट घाइते खत्रीको उपचारका क्रममा काठमाडौँस्थित शिक्षण अस्पतालमा निधन भएको हो ।

बेलचौताराबाट दुलेगौडा आउँदै गरेको ग१प ३९९२ नम्बरको मोटरसाइकलमा सवार खत्रीलाई विपरीत दिशाबाट आउँदै गरेको ग३च ३१९ नम्बरको जिपले ठक्कर दिएको थियो । घाइते खत्रीलाई जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा प्राथमिक उपचारपश्चात् थप उपचारका लागि काठमाडौँ पठाइएको थियो ।

# पर्यटक आकर्षित गर्न 'नेपाल आर्ट एण्ड कल्चर' महोत्सव

**रासस**
काठमाडौँ, ८ भाद्र

पर्यटक आकर्षित गर्न पहिलो पटक 'नेपाल आर्ट एण्ड कल्चर' महोत्सव आयोजना हुने भएको छ ।

नेपाल पर्यटन बोर्ड र नेपाल आर्ट काउन्सिलले काठमाडौँ उपत्यकाका चारवटै महानगरपालिकासँगको सहकार्यमा पहिलोपटक नेपाल आर्ट एण्ड कल्चर महोत्सव आयोजना गर्ने आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । सम्मेलन यही भदौ २० देखि आगामी असोज १० गतेसम्म काठमाडौँ, ललितपुर, भक्तपुर र कीर्तिपुरमा आयोजना हुनेछ ।

सम्मेलनको उद्देश्यबारे जानकारी गराउँदै नेपाल आर्ट काउन्सिलका अध्यक्ष सागरशमशेर राणाले नेपालमा मात्रै नभई विदेशमा यस्ता सांस्कृतिक पर्वहरूले ठूलो महत्त्व राख्ने भएकाले यसलाई अन्तरराष्ट्रियस्तरसम्म पुऱ्याउन महोत्सव आयोजना गर्न लागिएको जानकारी दिनुभयो । उहाँले कार्यक्रमले स्वदेशी तथा विदेशी पर्यटक दुवैलाई आकर्षित गर्ने उद्देश्य राखेको बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपाल प्रायः साहसिक पर्यटनको गन्तव्यका रूपमा चिनिए पनि यो महोत्सवमार्फत नेपाललाई सांस्कृतिक वैभव र धरोहरहरूको भण्डारका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "हाम्रो विशिष्ट संस्कृतिलाई जगेर्ना गर्दै धरोहरहरूको वैभवतालाई संसारभर चिनाउनुपर्छ । यस किसिमको महोत्सवले नेपालमा पर्यटकको सङ्ख्या बढाउनुका साथै आर्थिक आम्दानीमा योगदान पुऱ्याउने विश्वास लिएका छौँ ।"

महोत्सव सञ्चालन समितिका प्रमुख एवं नेपाल होटल व्यवसायी सङ्घ (हान)का अध्यक्ष विनायक शाहले नेपाल 'लाइफटाइम एक्सपेरियन्स' का लागि उत्कृष्ट गन्तव्य भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाल लाइफटाइम एक्सपेरियन्स लिने उत्कृष्ट गन्तव्य हो । पर्यटन र जात्रा-महोत्सव जोड्ने हाम्रो प्रयासअन्तर्गत थालिएको यस महोत्सवले एक्सपेरिमेन्टल टुरिजमका लागि योगदान गर्ने हाम्रो विश्वास छ ।"

कार्यक्रम संयोजक आयुषा श्रेष्ठले तीन सातासम्म सञ्चालन हुने यस महोत्सवमा ४० वटा कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयो । इन्द्रजात्राको अवसरसँगै सुरु हुने यो महोत्सवलाई उपत्यकाका सम्पदा, कला, संस्कृतिको समग्र उत्सवका रूपमा प्रस्तुत गरिने उहाँले बताउनुभयो ।

'नेपालको शाश्वत कला, संस्कृति, खानपान र सम्पदाको उत्सव' भन्ने नारासहित सुरु हुने महोत्सवले उपत्यकाका चार पालिकासहित पर्यटनसँग सम्बन्धित सङ्घसंस्था र सरोकार भएकालाई समेटेर सांस्कृतिक प्रदर्शनी, कला-कौशल, सङ्गीत-नृत्य, परम्परागत परिकार तथा जीवित संस्कृति अनुभव गर्ने अवसर प्रदान गरिने नेपाल पर्यटन बोर्डले जनाएको छ ।

उपत्यकाका पुराना सहर-काठमाडौँ, पाटन, भक्तपुर र कीर्तिपुरलाई उत्सवमय बनाउने उद्देश्यले सुरु हुन लागेको महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ ।

# पहिरो रोकथाम गर्न 'बायो इन्जिनियरिङ' प्रविधि

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ भाद्र



बागलुङ बोक्से-सिगाना सडकको संरक्षणका लागि 'बायो इन्जिनियरिङ' प्रविधि अपनाइएको छ । हालै कालोपत्र सम्पन्न गरिएको १० किलोमिटर सडकको दिगोपनाका लागि निर्माण व्यवसायीले पहिरो रोकथामका लागि बायो इन्जिनियरिङ प्रविधि अपनाएका हुन् ।

हालै कालोपत्र सम्पन्न एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गतको बोक्से-सिगाना सडक निर्माणका क्रममा खसेको पहिरो रोकथाम गर्दै सडक संरक्षण गर्न निर्माण व्यवसायी कर्ण बिल्डर्सले एक दर्जन पहिरोमा नेपियर जातको घाँस रोपेको छ । कालोपत्र सडकलाई टिकाउन जोखिमयुक्त स्थानको पहिचान गरी बायो इन्जिनियरिङ प्रविधिमार्फत पहिरो तथा भूक्षय नियन्त्रणको प्रयास थालिएको कर्ण बिल्डर्सका प्रतिनिधि सन्दीप श्रेष्ठले जानकारी दिनुभयो ।

यसको प्रयोगले सडकको संरक्षणसँगै प्रकोप जोखिम व्यवस्थापन, जलवायु अनुकूलन तथा मुहान र जैविक विविधता संरक्षणमा लागि सहयोग पुग्ने श्रेष्ठको भनाइ छ । उहाँले बायो इन्जिनियरिङमार्फत ढुङ्गा, माटो खसिरहेका क्षेत्रमा रोकथाम र जोखिम व्यवस्थापनका कार्य सहयोगसँगै स्थानीय किसानलाई घाँसमा समेत सहयोग पुग्ने गरी १० किमी सडकको पहिरो खसेको क्षेत्रमा नेपियर जातको एक हजार ५०० भन्दा बढी घाँसको बिरुवा रोपिएको बताउनुभयो । "सडक चौडा बनाएर कालोपत्र गर्द एक दर्जन स्थानमा पहिरो खसेको थियो, उक्त पहिरोको दिगो समाधानका लागि पूर्वाधारको काम त कालोपत्रअघि नै गरिन्छ, त्यससँगै अहिले बर्खामा पहिरोमा बायो इन्जिनियरिङ प्रविधिसमेत अपनाइएको छ", उहाँले भन्नुभयो, "पहिरो खसेको र सम्भावित पहिरोको जोखिम स्थानको पहिचान गरेर नेपियर जातका बहुवर्षीय घाँस लगाइएको छ जसले पहिरो रोकथामसँगै किसानको पशुपालनलाई सघाउँछ ।"

नेपियर उखुजस्तो देखिने बहुवर्षीय घाँस हो । यसको उचाइ दुई-तीन मिटर अग्लो र धेरै झाङ हाल्न सक्ने भएकाले बायो इन्जिनियरिङ प्रविधिमा प्रयोग गरिँदै आइएको छ ।

बायो इन्जिनियरिङअन्तर्गत काँस, अम्रिसो, घाँसे प्रजातिसँगै सिमली, असुरो, बाँस, सजीवनजस्ता बिरुवा रोप्ने गरेमा यसले एकातर्फ पहिरो खस्नबाट जोगाउँछ भने अर्कातर्फ पानीको मुहान सुक्नबाट जोगाउने भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत शम्भुकुमार मिश्रले बताउनुभयो ।

पहाडी क्षेत्रमा विकास निर्माण गर्दा हरित व्यवस्थापनमा समेत ध्यान दिन थालिएको उहाँको भनाइ छ। ठूलाठूला पहिरो समेत बायो इन्जिनियरिङमार्फत रोकथाम भएको उहाँको भनाइ छ । नेपालको पहाडी भेगमा विकाससँगै भूक्षयको दर घटाउन बायो इन्जिनियरिङ प्रविधि उपयुक्त रहेको मिश्रको भनाइ छ ।

'एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक'अन्तर्गत बागलुङ क्षेत्र नं १ मा पर्ने बोक्से-सिगाना खण्डको १० किमी कालोपत्र सकेर निर्माण व्यवसायीले बायो इन्जिनियरिङ प्रविधिमार्फत पहिरो रोकथाम, मासिएको सिँचाइ कुलो गोरेटोबाटो निर्माण गरिरहेको छ । उक्त सडक र २९ करोड ३७ लाख ८८ हजारमा दुई वर्षअघि सडक डिभिजन कार्यालयले कर्ण बिल्डर्ससँग ठेक्का सम्झौता गरी कालोपत्र गरेको हो ।

# एकहजार फाँटको धानबालीमा मरुवा रोगको समस्या

**पोखरापत्र संवाददाता**
गोरखा, ८ भाद्र



गोरखामा करिब चार सय रोपनी क्षेत्रफलमा लगाइएको धानबालीमा धान मरुवा रोगको समस्या देखिएको छ ।

जिल्लाको पालुङटार नगरपालिकाका तीनवटा वडामा लगाइएको धानबालीमा मरुवा रोग लागेको पाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत अब्बादत्त विष्टले जानकारी दिनुभयो । पालुङटारको वडा नं ४, ६ र ८ मा गरी झण्डै चार सय १० रोपनी क्षेत्रमा लगाइएको धानबालीमा मरुवा रोग फैलिएको छ, सबैभन्दा धेरै वडा नं ८ स्थित एकहजार फाँटको द्वारटारमा समस्या देखिएको छ । रोगका कारण ती क्षेत्रमा धानका रोपो सुकिसकेको अधिकृत विष्टले जानकारी दिनुभयो ।

"किसानले ज्ञान केन्द्रमा जानकारी गराएपछि कृषि प्राविधिकसहितको टोली खेतमै पुगेर रोगको अध्ययन गरिसकेका छौँ, रोग फैलिएका क्षेत्रका धानबाली सुकिसकेको अवस्था छ", उहाँले भन्नुभयो । मरुवा रोग धानबालीमा लाग्ने एक प्रकारको ढुसी कीरा हो । समयमा नै ढुसीनासक औषधिको प्रयोग गर्नसके रोग नियन्त्रण गर्न सकिने उहाँको भनाइ छ ।

त्यस क्षेत्रमा विशेषगरी गोरखनाथ, सावित्री र मन्सुली जातको धानबालीमा मरुवा रोग देखिएको छ । सोही फाँटमा लगाइएको राम धानमा भने मरुवा रोगको प्रकोप नदेखिएको अधिकृत विष्टले बताउनुभयो । पालुङटार नगरपालिका वडा नं ४ र ६ मा पनि धानबालीमा उक्त रोग देखिएको छ । त्यहाँ करिब १० रोपनी धानखेतमा मरुवा रोग देखिएको उहाँले जानकारी दिनुभयो । रोग लागेको क्षेत्रका किसानलाई ढुसीनासक औषधि उपलब्ध गराउनुका साथै 'स्प्रे' पनि गरिसकिएकाले ५० प्रतिशत धानबाली जोगाउन सकिने विश्वास गरिएको अधिकृत विष्टको भनाइ छ । "किसानले धानको बीउ खरिद गर्दादेखि नै विशेष ख्याल नपुऱ्याउँदा समस्या हुन्छ", उहाँले भन्नुभयो, "धानको जातले पनि मरुवा रोग लाग्ने वा नलाग्ने हुनसक्छ ।"

# सार्वजनिक सूचना

कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं. ६ हाईजुङ बस्ने शिव नेपालीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १७ पिपलटार मार्गमा रहेको कित्ता नं. ३९० को क्षेत्रफल १३५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ कि.नं. ३९१ तर्फका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १७ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# दोलखा पोखरा मिलन समाजको अध्यक्षमा पुन धनबहादुर

पोखरापत्र संवाददाता
पोखरा, ८ भाद्र

दोलखा स्थायी घर भई पोखरालाई कर्मथलो बनाई पोखरामा बसोबास गर्दै आउनु भएका सम्पूर्ण दोलखालीहरूको साझा संस्था दोलखा पोखरा मिलन समाजले आफ्नो १२ औं अधिवेशन तथा २४ औं साधारण सभाले धन बहादुर खड्काको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ।



नबगठित समितिको उपाध्यक्ष कमलबहादुर बस्नेत, सचिब रामजी भण्डारी, कोषाध्यक्ष महेन्द्रबहादुर जिरेल र सदस्यहरू देवकुमार श्रेष्ठ, शम्भु भण्डारी, गीता श्रेष्ठ,सुलोचना कार्की, अम्बिका भण्डारी रहनुभएको छ। बाँकी दुई सदस्यहरू पछि मनोनीत हुने समाजका अध्यक्ष धन बहादुर खड्काले जानकारी दिनुभयो।

अगुवा पर्यटन ब्यबसायी श्री सिस्टर्स एड्भेन्चर्स ट्रेकिङकी कार्यकारी निर्देशक लक्की कार्कीले सो कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

सो अवसरमा तीज पर्वको शुभकामना व्यक्त गर्दै प्रमुख अतिथिले कार्कीले "तीज जस्ता सान्स्कृतिक महत्व बोकेका पर्बहरूलाइ महिला सशक्तिकरणका लागि प्रयोग गर्नुपर्ने उल्लेख गर्दै समानता र न्याय सृजना गर्न शुभकामना कार्यक्रम फलदायी समेत हुने अपेक्षा व्यक्त गर्नुभयो। कार्यक्रममा बालकृष्ण श्रेष्ठ, पेमडोमा शेर्पा, मानबहादुर थापा तथा अर्घाखाँची सम्पर्क समाजका अध्यक्ष रामप्रसाद पौडेलले सहितले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

संस्थाका अध्यक्ष धनबहादुर खड्काको अध्यक्षतामा सम्पन्न सम्पन्न कार्यक्रमका उक्त संस्थामा रही निरन्तर सहयोग र सेवा गर्नु हुने विभिन्न व्यक्तित्वलाई सम्मान तथा आजीवन सदस्यताको प्रमाणपत्र समेत वितरण गरिएको र तिजको अबशरमा शुभकामना आदान प्रदान सहित चेलीबेटी भेटघाट कार्यक्रम समेत सम्पन्न गरिएको सचिव रामजी भण्डारीले जानकारी दिनुभयो।

# छोरेपाटन माविमा तीजगीत सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ८ भाद्र



पोखरा १७ स्थित छोरेपाटन माध्यमिक विद्यालयमा कक्षा ११ तथा १२ अन्तर्गत शुक्रबार अन्तर समूह स्तरीय तीजगीत प्रतियोगिता भएको छ।

उक्त प्रतियोगितामा प्रतिक्षा क्षत्रीको समूह प्रथम तथा सलिना बरालको समूह द्वितीय भए।त्यस अवसरमा विद्यार्थीले संस्कृति, संस्कार, महिला विभेद, समानता, रितिरिवाज, महिलाका दुःखसुःख लगायतका विषयवस्तु समेटी गीत प्रस्तुत गरे।प्रतियोगितामा शिक्षकद्वय विमल आचार्य र रेखा थापाले निर्णयकको भूमिका निर्वाह गरे। पुरस्कार वितरण गर्दै प्रधानाध्यापक डिल्लीराम शर्माले तीजको मौलिकतालाई जोगाई राख्नुपर्ने स्पष्ट पार्दै चाडपर्व हुदाँ खाने वर्गको पनि हुनुपर्ने जनाए।

सहायक प्रधानाध्यापक खेमराज बरालले चाडपर्वलाई भड्किलो रुपमा नमनाउन सुझाव दिर्दै विद्यार्थीका प्रतिभा प्रस्फुटनको माध्ययम प्रतियोगिता बनेको स्पष्ट पारे। सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले तीजलाई सांस्कृतिक पर्वको संज्ञा दिर्दै विद्यार्थीको चौतर्फी विकासमा विद्यालय सदा प्रयासरत रहेको सुनाए। त्यस अवसरमा विद्यार्थी तथा शिक्षक तीजगीतमा रमाए भने विजयी विद्यार्थीलाई पुरस्कार वितरण पनि गरियो। प्रधानाध्यापक शर्माको अध्यक्षतामा भएको उक्त कार्यक्रम अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक डिल्लीराम बरालले संचालन गरे।त्यस्तै विद्यालयले कक्षा १० सम्मका विद्यार्थी लक्षित गर्दै तीजगीत प्रतियोगिता पनि सम्पन्न गरेको छ। विद्यालयले वार्षिक कार्यतालिका निर्माण गरी शैक्षिक एवम् अतिरिक्त क्रियाकलाप संचालन गर्दै आइरहेको छ।

# आँबुखैरेनीमा चेपाङ समुदायका छात्र/छात्रालाई निःशुल्क शिक्षा

पोखरापत्र संवाददाता
तनहुँ, ८ भाद्र

आबुखैरेनी गाउँपालिका-५ खोलागाउँका अमृत प्रजा (चेपाङ)ले छात्रवृत्तिमा कक्षा १२ उत्तीर्ण भएका छन्।

उनीलाई आबुखैरेनी गाउँपालिकाले शैक्षिकसत्र २०८१ मा आँबुखैरेनीस्थित रामशाह माध्यमिक विद्यालयमा सो तह अध्ययन गर्न आर्थिक सहयोग गरेको थियो। छात्र चेपाङले केही दिनअघि सार्वजनिक भएको सो तहको परीक्षामा उत्तीर्ण भएका हुन्। गाउँपालिकाले खाना, बस्नका लागि मासिक रु पाँच हजारका दरले वार्षिक रु ६० हजार सहयोग गर्दै आएको शिक्षा शाखा प्रमुख निर्मला कुवँरले जानकारी दिनुभयो। गाउँपालिकामातहत रहेका २४ सामुदायिक विद्यालयमध्ये २२ मा पूरै तहमा निःशुल्क शिक्षाको व्यवस्था गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "रामशाह र मित्रता माविमा कक्षा ५ सम्म पूरै निःशुल्क गरिएको छ। कक्षा ६ देखि माथि नेपाली माध्यममा निःशुल्क भए पनि अङ्ग्रेजी माध्यममा शुल्क निर्धारण गरिएको छ।"

विद्यार्थी चेपाङको शिक्षा क्षेत्रमा देखिएको यस किसिमको उपलब्धिले सम्पूर्ण चेपाङ समुदाय र पालिकाका लागि समेत गौरवको विषय बनेको गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। विद्यार्थी अमृतसँग भेटघाट गर्दै अध्यक्ष उहाँले भन्नुभयो, "आगामी उच्च शिक्षाका लागि बाटो सहज बनाउन गाउँपालिकाले आवश्यक सबै सहयोग तथा पहल गर्नेछ।"

चेपाङ, भुजेललगायत सीमान्तकृत समुदायमा शिक्षाको पहुँच विस्तार गर्ने रणनीति, छात्रवृत्ति प्रणालीलाई अझ प्रभावकारी बनाउने उपाय र समग्र विकास प्रक्रियामा सीमान्तकृत समुदायको समावेशिता सुनिश्चित गर्ने योजनाका बारेमा विमर्श गरी अघि बढ्ने योजना बनाइएको अध्यक्ष चुमानले बताउनुभयो।

# गत आवमा आर्थिक वृद्धिदर ४.६१ र मुद्रास्फीति ४.०६ प्रतिशत

रासस
काठमाडौं, ८ भाद्र

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर बढेको र मुद्रास्फीति घटेको देखिएको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार सूचकहरु सकारात्मक बन्दै गएको देखिएको हो।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर तीन दशमलव ६७ प्रतिशत रहेको थियो। त्यस्तै, गत आवमा वार्षिक औसत मुद्रास्फीति चार दशमलव ०६ प्रतिशत रहेको छ। अघिल्लो आवमा यस्तो मुद्रास्फीति पाँच दशमलव ४४ प्रतिशत रहेको थियो। राष्ट्र बैंकका अनुसार गत आवमा शोधनान्तर स्थिति रू पाँच खर्ब ९४ अर्ब ५४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रू पाँच खर्ब दुई अर्ब ४९ करोडले बचतमा रहेको थियो। त्यस्तै, आयात १३ दशमलव तीन प्रतिशतले र निर्यात ८१ दशमलव आठ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष आयात एक दशमलव दुई प्रतिशतले र निर्यात तीन प्रतिशतले घटेको थियो। गत आर्थिक वर्षमा कुल रू १७ खर्ब २३ अर्ब २७ करोड बराबर विप्रेषण भित्रिएको छ। अघिल्लो आवको तुलनामा गत आवमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १९ दशमलव २ प्रतिशतले र अमेरिकी डलरमा १६ दशमलव ३ प्रतिशतले बढेको हो। गत असार महिनाको विप्रेषण आप्रवाह मात्रै रु एक खर्ब ८९ अर्ब ११ करोड रहेको छ। त्यसैगरी, २०८१ असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३१ दशमलव दुई प्रतिशतले वृद्धि भई २०८२ असार मसान्त सम्मा रु २६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा १९ अर्ब ५० करोड बराबर हो। उक्त सञ्चितिले १५ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ। अर्थतन्त्रका बाह्य सूचकहरु सुधार हुँदै जाँदा विप्रेषण आप्रवाह, विदेशी मुद्रा सञ्चिति र निर्यात हालसम्मकै उच्च अवस्थामा पुगेको छ। त्यसैगरी गत आवमा विस्तृत मुद्राप्रदाय १२ दशमलव ५ प्रतिशतले बढेको छ। अघिल्लो आव यस्तो मुद्राप्रदाय १२ दशमलव ९ प्रतिशतले बढेको थियो। बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२ दशमलव ६ प्रतिशतले वृद्धि भई रू ७२ खर्ब ६४ अर्ब पुगेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा आठ दशमलव चार प्रतिशतले वृद्धि भई रु ५४ खर्ब ९८ अर्ब पुगेको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# भावपूर्ण श्रद्धाञ्जली

**जन्मः**
**वि. सं. २०१३ असोज १० गते**



**स्व. ओम प्रसाद गुरुङ**

**स्वर्गारोहणः**
**वि. सं. २०८२ भदौ १ गते**

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ बराल डाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ भद्रकाली 'ख' टोल निवासी बराल डाँडा तमु समाज सेवा समिति पोखराका सदस्य **ओम प्रसाद गुरुङ** को ६९ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको पितृ कार्य अर्घौको पुण्य तिथिका अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बराल डाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार**
**पोखरा**